मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२
कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

**"हुँदैन बिहान मिरमिरे तारा झरेर नगए,**

**बन्दैन देश दुई-चार सपूत मरेर नगए।"**

कवि भूपी शेरचनको यो जीवन्त पंक्तिले हामीलाई सधैं देशप्रेम, स्वतन्त्रता र बलिदानको मूल्य सम्झाई रहन्छ। आज माघ १६ गते सहिद दिवस। यस विशेष दिनमा नेपालमा लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि योगदान गर्नुहुने सम्पूर्ण सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै नेपालको परिवर्तनको आन्दोलनमा अग्रणी भूमिका निर्वाह गरी त्यसलाई संस्थागत गर्न योगदान गर्नुहुने अग्रजहरुप्रति सम्मान र आदरभाव व्यक्त गर्दछु। आज हामी जुन लोकतान्त्रिक जगमा उभिएका छौं, त्यो केवल वर्तमानको उपलब्धि मात्र होइन, यो सहिदहरूको प्रेरणा, साहस र अमर बलिदानको परिणाम हो। सहिद दिवसका अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

जहानियाँ निरंकुश राणा शासन ढाल्नका लागि चार सहिदले देखाएको वीरता नेपाली इतिहासको आधारस्तम्भ हो। २००७ सालदेखि आजसम्म भएका हरेक निरंकुशता विरोधी आन्दोलन यही प्रेरणाको जगमा भएका छन्।पञ्चायती व्यवस्था विरुद्धको २०४६ सालको जनआन्दोलन होस् वा २०६२/६३ को ऐतिहासिक जनआन्दोलन सबैमा सहिदहरूको त्यही प्रेरणा जीवन्त रह्यो। मानव अधिकार, सुशासन र समृद्धिको यात्रामा हामीलाई निरन्तर अघि बढाउने शक्ति नै सहिदहरूको प्रेरणा, बलिदान र सपना हो। यद्यपि, आजको सन्दर्भमा मुलुकले गम्भीर चुनौतीहरू सामना गरिरहेको छ। पपुलिजमको नाममा यथार्थ लुकाउने, सत्य र तथ्यलाई ओझेलमा पार्ने प्रवृत्ति बढ्दो छ। यही प्रवृत्तिले हाम्रो लोकतान्त्रिक चेतना र संघीय व्यवस्थामाथि प्रश्न उठाइरहेको छ। तर इतिहासले प्रमाणित गरिसकेको छ, बलिदानको जगमा उभिएको व्यवस्था नाराले होइन, सचेत नागरिकको धैर्य र विवेकले जोगिन्छ।

राणा शासनविरुद्ध लडेका सहिदहरूको प्रेरणाले हामीले पञ्चायत ढाल्यौं। त्यसपछि पनि अनेकौं अवरोध आए, जनताका अधिकारमाथि धावा बोलियो तर फेरि पनि नेपाली जनताले बलिदानीपूर्ण सङ्घर्ष जारी राखे, २०६२/६३ को आन्दोलन त्यसैको उदाहरण हो। त्यस आन्दोलनको जगमा हामी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्न सफल भयौँ। आज हामी यसको कार्यान्वयनको चरणमा छौँ। यही संघीयतामाथि अहिले पनि निरन्तर प्रहार भइरहेका छन्। पपुलिजमको आवरणमा व्यवस्था नै कमजोर पार्ने प्रयासहरू देखिएका छन्।यो बेला हामी उत्तेजनामा होइन संयम, धैर्य र इमान्दारिताका साथ विवेकपूर्ण ढङ्गले लोकतान्त्रिक गणतन्त्र र संविधानलाई बचाउने प्रतिबद्धताका साथ उभिनु पर्दछ। हाम्रा अभिमतहरू पनि हाम्रो संविधान र व्यवस्थाका पक्षमा प्रकट हुनुपर्दछ। संविधानको जगमा उभिएर कमीकमजोरीहरू सच्याउँदै, सहिदले देखाएको बाटो र सपना साकार पार्न अघि बढ्नु आजको आवश्यकता हो।

प्रदेश सरकार स्थापना भएदेखि नै आफ्ना नीति, कार्यक्रम र प्रतिबद्धतामा दृढ छ। संघीयताको सही कार्यान्वयन, जनताको सेवा र समृद्धिको लक्ष्यबाट विचलित नहुने अठोट स्पष्ट छ। संघीयता कमजोर पार्ने होइन, सुधार गर्दै सुदृढ बनाउने दायित्व आज हामी सबैको हो। प्रदेश सरकार सबै खालका विकृति र विसंगतिहरुलाई रोक्दै संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन प्रतिबद्ध छ। संघीयताको जगमा नै हाम्रो समृद्धिको खाका कोर्न सकिन्छ। “समृद्ध नेपाल, सुखी नेपाली” को सपना आजको संविधान र व्यवस्थामार्फत साकार पार्न सकिन्छ।

अन्त्यमा, सहिद दिवसले हामीलाई लहडमा होइन विवेकमा अघि बढ्न प्रेरणा प्रदान गर्ने विश्वासका साथ एकअर्कामा हातेमालो गरेर समृद्धिको पाइलामा अघि बढौं भन्ने सङ्कल्पसहित सम्पूर्ण सहिदहरूप्रति पुनः श्रद्धासुमन अर्पण गर्दै सहिद दिवसको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

१६ माघ २०८२

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश
मुख्यमन्त्री